नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## राष्ट्रिय तथ्याङ्क कार्यालय

**थापाथली, काठमाडौं**

http://hrms.nsonepal.gov.np/

# करार सेवामा जनशक्ति लिनेसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०८२/१०/१

राष्ट्रिय आर्थिक गणना, २०८२ मा स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण गर्ने कार्य संचालन गर्नका लागि तपसिल बमोजिमको पद र संख्यामा करार सेवा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र अनलाईन माध्यमबाट दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै अनलाइन दरखास्तको लागि तल दिईएको लिङ्क वा QR कोड मार्फत दरखास्त दिन सकिनेछ। म्याद नाघी तथा रित नपुगी आएका दरखास्तउपर कुनै कारवाही गरिने छैन।

तपसिल

| पद | माग संख्या | सेवा करारमा लिने कार्यालय | करार अवधि | न्यूनतम योग्यता | सेवा सुविधा | छनौट विधि |
|---|---|---|---|---|---|---|
| सुपरिवेक्षक | ५२६ | सम्बन्धित जिल्ला आर्थिक गणना कार्यालय | साढे २ महिना | स्नातक तह उत्तिर्ण | रा.प.अनं. प्रथम श्रेणीको सुरु तलव स्केल बराबर रु. ३४,७३०/- (मासिक) | सर्टलिस्ट र अन्तर्वार्ता |
| गणक | ३९१३ | | साढे २ महिना | १०+२ (प्रमाणपत्र तह) वा सो सरह उत्तीर्ण | रा.प.अनं. द्वि. श्रेणीको सुरु तलव स्केल बराबर रु. ३२,९०२/- (मासिक) | |

नोटः यस सम्बन्धी विस्तृत जानकारी राष्ट्रिय तथ्याङ्क कार्यालयको वेबसाइट www.nsonepal.gov.np मा हेर्न सकिने छ ।

अनलाइन निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजात (निवेदक स्वयंले प्रमाणित गरी) (इमेज फाइल)

(क) नेपाली नागरिकताको प्रमाण पत्रको, प्रतिलिपि
(ख) पासपोर्ट साईजको फोटो,
(ग) शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र (Transcript) को प्रतिलिपि
(घ) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
(घ) अनुभवको प्रमाणपत्रको प्रतिलिपि।

अन्तर्वार्तामा उपस्थित हुँदा सक्कल कागजात लिएर आउनुपर्ने छ ।

**अन्य जानकारी**

१) कार्य क्षेत्र : सम्भव भएसम्म उम्मेदवारले रोजेको स्थानीय तह
२) कामको विवरणः गणकले तथ्याङ्क सङ्कलन र सुपरिवेक्षकले तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य गर्नुपर्ने ।
३) उमेरः दरखास्त दिने अन्तिम दिनमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
४) अनलाइन दरखास्त फाराम भर्ने लिंकः ......................................
५) QR कोडः .......
६) काम गर्नुपर्ने अवधिः वि.सं. २०८२ चैत्र २६ देखि २०८३ असार ०८ गतेसम्म
७) अन्य विषयहरु कार्यालयले तोके बमोजिम हुनेछ।
८) विस्तृत विवरण राष्ट्रिय तथ्याङ्क कार्यालयको website: www.nsonepal.gov.np मा हेर्न सकिनेछ ।
९) यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा राष्ट्रिय तथ्याङ्क कार्यालय आर्थिक गणना शाखाको सम्पर्क नं. 01- 4100524 मा सम्पर्क गर्न सकिनेछ ।